CC-0.In Public Domain. Digitization by eGangotri

PG-52

शिव-शक्ति

लेखक
विष्णुप्रसाद लोहनी एम. ए.

संकलनकर्त्री तथा प्रकाशिका
श्रीमती मनोरमा लोहनी

सं. २०२५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

शिव-शक्ति

लेखक
विष्णुप्रसाद लोहनी एम. ए.

संकलनकर्त्री तथा प्रकाशिका
श्रीमती मनोरमा लोहनी

सं. २०२५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

शिव-शक्ति

लेखक
विष्णुप्रसाद लोहनी एम. ए.

संकलनकर्त्री तथा प्रकाशिका
श्रीमती मनोरमा लोहनी

सं. २०२५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

प्रकाशिका —
श्रीमती मनोरमा लोहनी
"मनोरमा गृह"
२१/६५३ ज्ञानेश्वर
काठमाडौं, नेपाल ।

सर्वाधिकार प्रकाशिकामा सुरक्षित छ ।
पहिलो पटक सं. २०२४—१०००
दोश्रो पटक सं. २०२५—१०००

मूल्य :—
सामान्य— १।५०
सजिल्द— २।५०
विद्यार्थीहरूको
निमित्त— १।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पत्रं पुष्पं फलं तोयं योमे भक्त्या प्रयच्छति ।
तदहं भक्त्युपहृतमस्नामि प्रयतात्मन ॥

पुष्पाञ्जली

राष्ट्रनायक
श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम
शाहदेवमा श्रद्धापूर्वक समर्पण

—लेखक तथा प्रकाशिका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

दुई कुरा

यस सानो पुस्तिकामा मेरा पतिदेव श्री विष्णुप्रसाद लोहनीले विभिन्न समयमा लेख्नु भएको लेखहरूबाट आंशिक छनोट गरी शिव–शक्तिको रूपमा संकलन गरिएको छ । तीनै लेखहरूको लेखनशैलीमा प्रशस्त अन्तर छ तापनि जीवन र समाजप्रतिको आधारभूत दृष्टिकोणमा मूलतः मिलान छ । पहिलो लेखमा प्रेमसम्बन्धि सामान्य विवेचना गरिएको छ । मनुष्यहृदयको उदात्त पक्षलाई औंल्याउनु यस लेखको अभिप्राय हो । मनुष्यको हृदय मूलतः सरल हुन्छ । यसैले यस लेखको भाषा सरल पार्ने कोशिश गरिएको छ । दोस्रो लेखमा क्रोध भावको यथार्थतातर्फ ध्यान आकर्षित गरिएको छ । सफल जीवनको लागि भावत्मक पक्षमा समेत व्यवहारवादी बन्नु पर्ने दैनिक !आवश्यकतामाथि जोडदिइएको छ । तेस्रो लेखमा आध्यात्मिकता र नैतिकताको विभिन्नतालाई प्रष्ट पार्न तुलनात्मक विश्लेषण गरिएको छ । विषयको स्वभावैले यस लेखको भाषा केही क्लीष्ट हुन गएको छ । २००७ साल देखि यता नेपालको जन–जीवनमा धार्मिक तथा नैतिक मूल्यहरू तथा आस्थामा आमूल परिवर्तनहरू हुंदैछन् । असल कम-सल छुट्याउने आधारमै उथलपुथल भएमा धेरै व्यक्तिहरू नैतिक अन्तर्द्वन्द्वको शिकार हुनु स्वाभाविक हुनआउँछ । चलि आएको कुरा छाडेर, अथवा अरू देशको अन्ध देखासिकी मात्र गरेर यस समस्याको सकली समाधान हुनु कठीन छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

जातिय स्वभाव र संस्कृतिद्वारा अनुप्राणित नभएको तथा वर्तमान आवश्यकता र आकांक्षासङ मेल नखाने कुनै पनि नैतिक विधान अन्ततोगत्वा हितकारी हुन सक्छ भन्न सकिं दैन । गतिशील नैतिक दृष्टिकोण आजको नेपाली समाजको ठूलो खाँचो देखिन्छ । यस लेखमा लेखकको आध्यात्मिकता र नैतिकतासंवन्धि निचोड मन्तव्यको कुनै अभिव्यक्ति छैन। स्वच्छन्द विवादमा बाधा नपरोस भनी हिन्दू–जगतका पथ प्रदर्शक भगवान् कृष्ण तथा रामका उपदेशहरू तथा उदाहरणहरू यसमा हाल समावेश गरिएका छैनन् । बुद्धिजिवीहरूको तार्किक दिमागलाई कुतकुत्याउनु नै यस लेखको अभिप्राय हो ।

–प्रकाशिका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

(३)

दोश्रो संस्करण बारे

'शिव–शक्ति'को दोश्रो संस्करण छाप्दा अत्यन्त हर्ष लाग्नु स्वाभाविक छ । हालको संस्करणमा लेखहरू पहिलोमा जस्तै छन्; केवल केही मन्तव्यहरू र पत्र–पत्रिका-हरूको रायको सारांश मात्र थपिएको छ । 'शिव–शक्ति'का सबैजसो पाठकहरूले आ–आफ्नो ढंगले यसको गहनता र उपयोगिता बारे जुन वस्तुवादी मूल्यांकन गर्नु भएकोछ त्यो सब लेखक, प्रकाशिका र अन्य पाठकवर्गकालागि पनि अमूल्य प्रेरणाको श्रोत हुनु स्वभाविक हुन आउँछ । 'शिव–शक्ति' बारे व्यक्त गरिएका सबै प्रतिक्रया र सम्मतिमा सबैको लेखक प्रतिको सहज सद्भावना र नेपाली जन–जीवनमा निहित सांस्कृतिक चाहनाको पनि राम्रो झलक पाइन्छ । संबन्धित महानुभावहरूलाई यथोचित अभिवादन छ ।

प्रकाशिका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

विषय–सूचि

विषय:–	पृष्ठ
१. प्रेम–एक ईश्वरीय भाव—	१
२. क्रोधको उपयोगिता—	६
३. आध्यात्मिकता र नैतिकता—	१६
४. 'शिव–शक्ति'बारे केही मन्तव्य—	२८
५. 'शिव–शक्ति'बारे पत्र–पत्रिकाहरूको रायको सारांश—	३३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

प्रेम : एक ईश्वरीय भाव

भगवान् हृदयावासी हुनुहुन्छ । हृदय भावनाहरूको स्थायी थलो हो । अतएव भगवान्को वासस्थल भावनामा पाइन्छ । मनुष्यको हृदयमा अनेकन् भावनाहरू हुन्छन् । ती मध्ये भय, क्रोध, प्रेम विशेष रूपले प्रबल भावनाहरू मानिएका छन् । कुनै एक भावना प्रबल भएमा अरू भावनाहरूको दमन हुन्छ । भयको ध्येय खतराबाट भाग्नु हो । क्रोधको लक्ष्य बाधा विरोधको नाश गर्नु हो । प्रेमको उद्देश्य प्रेम गरिएको व्यक्तिको कल्याण गर्नु हो । हृदयस्थित भावनाहरूको संघर्ष नै देवासुर संग्रामको प्रारूप हो । हृदयमा प्रेमभाव जगाउनुमा मनुष्यताको सार्थकता छ । प्रेमभाव बलवान् छ भने भय, क्रोध इत्यादि अन्य भाव-शक्तिहरू पनि हानिकारक हुन सक्दैनन् । प्रेमको सबल सङ्गति पाएको क्रोध खराबीको प्रतीकार गर्ने रुद्र-शक्ति हो । प्रेमद्वारा वशीभूत भय जीवन रक्षाको भावात्मक आधार हो । प्रेमद्वारा तेजस्वी बनेको अहंभाव सम्बन्धित क्षेत्रमा शुभ कार्यहरूको जनक बन्दछ । अझ निरहंकार मनुष्यको प्रेम त देश कालको सीमा नाघेर व्यापक तथा स्थायी भलाइको प्रेरक-स्रोत हुन्छ । अतएव मनुष्य-हृदयको सर्वोत्कृष्ट भलो भावना प्रेम हो । भगवान्को खोजी गर्नु भाव-शक्तिको परिष्कार गर्नु हो । प्रेम भावना बलियो पारेमा अन्य भावनाहरूको [illegible] हुन्छ । हृदयलाई प्रेमपूर्ण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पार्नु जीवनलाई शिवमय तुल्याउनु हो। यसैले प्रेम नै परमेश्वर हो। यहाँ प्रेमको अर्थ वैयक्तिक वासना होइन। प्रेमीको कल्याण गर्नु नै प्रेमको सार हो। प्रेम गरिएको वस्तुको लागि आवश्यक कष्ट सहन गर्नुमै प्रेमको सकली महिमा छ। सबैको हितको हेतुले प्रेरित कर्तव्यपरायण सक्रियताद्वारा मानिसले यसै लोकमा दैवी सादृश्य प्राप्त गर्दछ। "परमेश्वर लाई प्रेम गर", "छिमेकीहरूलाई आफूसरह प्रेम गर" तथा "शत्रुलाई प्रेम गर" भन्ने महात्मा ईसाको प्रेम यही हो। काम, क्रोध, लोभ, मोह, अहंकार, मद, मात्सर्य, भय, घृणा, ईर्ष्या तथा वासनाहरू इत्यादि समस्त मारका सेनाहरूलाई तहलगाएर हृदयलाई प्रेम र शान्तिका भावले परिपूर्ण गराउने भगवान् बुद्धको उपदेशको मूल तात्पर्य यही हो। अतएव वैयक्तिक चाहनाहरू तथा नकारात्मक भावनाहरूमाथि वासनारहित रचनात्मक क्रियाशीलताको एक मात्र प्रेरक-शक्ति प्रेमभावको सहज नियन्त्रण कायम गर्नुमा मनुष्य-जीवनको आध्यात्मिक सार्थकता छ।

हृदयलाई यस प्रकारको प्रेमले भर्नु मामूली कुरो होइन। हिजोआजको युगमा त यसो गर्नु अझ गाह्रो हुँदै गएको छ। तार्किक बुद्धिले महत्व पाउन थालेपछि विज्ञानको विकास भयो। वैज्ञानिक आविष्कारहरूको फलस्वरूप भोगवादी सभ्यताले जरो हाल्दै गयो। विज्ञानले धर्मलाई ओझल पारेकाले मनुष्यको टाउको ठूलो र दिल सानो हुँदै गयो। आर्थिक क्रियाकलापमा निमग्न मनुष्यको हार्दिक विस्तार समुचित मात्रामा हुन सकेन। स्वार्थी लालच तथा त्यसका पछौटे भावहरू- त्रास तथा आक्रोशले-हृदयमा घर गरेकाले

Prof. Madhav Prasad Ghimire Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

आपसी मतभेद तथा घात प्रतिघातको स्थिति उब्जन गयो। प्रेमाभावले मनुष्यको हृदयपक्षमा प्रतिकूल असर पर्न गयो। मनुष्यको व्यावहारिक बुद्धि तिखारिए तापनि प्रेमरूपी संजीवनीको कमीले हृदय फष्टाउन सकेन। वढ्दो स्नेहहीनता चालू सभ्यताको परिणाम तथा लक्षण हुवै हुन गएको छ। अतएव हृदयमा प्रेमभाव जगाउनु धेरै व्यक्तिहरूका लागि केवल आदर्श मात्र रहन गएको छ।

तर यो एक यस्तो आदर्श हो जसलाई ज्यादा भन्दा ज्यादा व्यावहारिक जीवनको अंग बनाउनमा सबैको सधैंको फाइदा निहित छ। पहिलो, चरित्र-विकासको सारभूत अर्थ हृदयका समस्त भाव-तत्वहरूमाथि प्रेमभावको ऊर्ध्वगामी आधिपत्य कायम गर्दै जानु हो। छटेल भई अरूलाई छकाउनु र भलो भावले ओतप्रोत भलाद्मी बन्नामा फरक छ। हृदयको सद्भावद्वारा अनुप्राणित नभएको नैतिकता सुनको जलप लगाएको गहनातुल्य छ। हृदयको प्रेम नै सद्गुणहरूको मुहान हो। गङ्गोत्रीबाट पतितपावनी गङ्गाजीको पवित्र धारा बहे झैं स्नेही हृदयबाट नै सज्जनताको अविरल धारा छुट्दछ।

दोस्रो, जीवनलाई उभो लगाउन भरपर्दो मित्रताको ठूलो योगदान छ। हृदयमा प्रेमभाव सुदृढ छ भने मात्र आपसी सम्बन्ध दरिलो भरिलो पार्न सकिन्छ। मतलबी हाउ-भाउको आधारमा टिकाउ मित्रता कायम हुन सक्दैन। आत्मीयता बुद्धिजन्य तथ्य होइन, स्नेही हृदयको पवित्र उपज हो। प्रेमले प्रेम बढाउँछ। प्रेमले मित्रता फलाउँछ, फुलाउँछ। प्रेमले अन्ततो गत्वा मित्रहरूको संख्या बढाउँछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

तेस्रो, हर व्यक्तिको सुरक्षा तथा प्रगति समाजसंगको सुमधुर सम्बन्धमा धेरै मात्रामा निर्भर गर्दछ। स्नेहले सिचेको वातावरणमा नै हर व्यक्तिको सृजनात्मक प्रतिभा फक्रन पाउँछ। प्रेमले मानिसलाई गुणग्राही तुल्याउँछ। हृदयमा प्रेमभाव सुविकसित नभएका व्यक्तिहरूको समाजमा कोही कसैका हुंदैनन्। जो कोहीले पनि अर्कोमाथि भर पर्नु ऐन मौकामा धोका खानु हुनसक्छ। एकले अर्कोलाई मतलब साध्य गर्ने हतिहार तुल्याउनु सामान्य ठहरिने हुनसक्छ। अविश्वासको घुनले आपसी सम्बन्धलाई खोक्रो तथा निस्सार तुल्याउँछ। अन्त्यमा सबैको सबैसंग हार्दिक संपर्क छुट्न गई त्रास र शंकाले ग्रस्त नैतिक अराजकताको स्थिति पै.ा हुनसक्छ। स्नेहको गठिलो पुकारलाई अनसूनी गर्नाले भावात्मक दृष्टिबाट छरिएको मानव–समूहले शान्ति सुरक्षाको नाउँमा विविध सैनिक संगठनहरूको निठुरी मार खानु परेको देखिएको छ। त्यस्तै तत्क्षणको आश र त्रासले उब्जाएको अथवा टिकाएको साँठगाँठ तथा गूटबन्दीको पनि अक्सर सामाजिक सुमधुरतामाथि प्रतिकूल असर पर्दछ। स्नेहको मलजल नपाएको समाज संगठन दर्बिलो तथा प्रगतिशील हुन्छ भन्न सकिंदैन। स्नेहको सट्टा ठोकर मिलेमा निर्धाको मुटु जडवत् तथा बलियाको दिल कठोर हुंदै जान्छ। यसबाट देवत्व, मानवता तथा व्यक्तित्वको विकासमा आघात पुग्दछ। समाजको हालत जर्जरित हुन्छ। अतएव सधैंको अशान्ति मच्चिनु कसैको लागि पनि हितकर छैन। स्नेहपूर्ण मिलजुल तथा सहयोग नै सभ्य समाजको सकली आधार हो।

चौथो, आज सबैलाई पुग्दो गरी भौतिक सामग्रीहरू जुटाउनु वैज्ञानिक देनले गर्दा सुसाध्य हुंदै गएको छ। सहज

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

उदारताद्वारा संचालित छ भने भोग्यवस्तुहरूको असीमित उत्पादन गर्न सक्ने वैज्ञानिक क्षमताद्वारा मानिस मात्रको उपकार हुन्छ। अन्यथा बढ्दो समृद्धि सुख शान्तिको साधन नभई व्यक्तित्व-विच्छेद तथा सामाजिक विषमताको कारण बन्दछ। जीवनवर्द्धक सामानहरूको साँटो जहँडिला अस्त्रहरूको भरमार निर्माण हुनु राम्रो लक्षण होइन। अहंकारी ताउले स्नेहभावलाई दबाएको अवस्थामा व्यक्तिहरू अरूलाई उठाउने भन्दा अँठ्याउने कुरामा आफ्नो हातको धन तथा बुद्धि खर्चेन्छन्। द्रोहभाव बढ्दो छ भने जीवन-शक्ति अनायास कुबाटोमा धकेलिन सक्छ। सानो चित्तले सबैको हितको अगुवा बन्नु सजिलो छैन। वरपरको दुःखप्रति आँखा चिम्ली आफ्नै मात्र हेर्ने बानीले एकातिरबाट लाभ भए तापनि अर्कोतिरबाट हानि हुन सक्छ। औलादौलाको बीचमा अनेकन् व्यक्तिहरूले गुजरानसम्मको सुविधा नपाउनु भित्री कुरूपताको बाहिरी प्रतीक हो। शरीर-रक्षाको साथै आत्म-तत्वको महत्त्व बढाउने मति र स्थितिलाई बढावा दिएमा मनुष्यताको गौरव बढ्दछ। बाँच्नु प्राणीमात्रको धर्म हो भने मनुष्यताको चाहिंदो सम्मान गरी बाँच्नु बचाउनु मनुष्य मात्रको धर्म हो। यी सब मनोविकारहरूलाई स्नेहको बुद्धिद्वारा निराकरण गर्नु जरूरी हुंदै गएको छ। सबैमा, कमसेकम उपल्लो तहका व्यक्तिहरूमा प्रेमभावको सुदृढ उदय भएमा अनेकन् जटिल झंझटहरू स्वतः बिलाउँछन्। प्रेमभाव बलवान् छ भने व्यक्ति तथा समाजको शक्तिको दुरुपयोग हुन पाउँदैन। हृदयमा प्रेमभावको दबदबा बढाउन सके अन्य भाव-शक्तिहरूलाई सजिलैसंग संभाल्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

 CC-0.In Public Domain. Digitization by eGangotri

लगाउन सकिन्छ । भित्र हृदयमा प्रेमभाव ओजस्वी छ भने बाहिर व्यवहारमा रामराज्यको अनुरूप कल्याणकारी सक्रियता आफैआफ उब्जन्छन् । ज्यादा भन्दा ज्यादा प्रेमभावको खांडो जगाउनामा नै मनुष्यजातिको स्थायी तथा चौतर्फी विकास निहित छ । प्रेमभावले हृदय भरेमा भोक-मरी, रोगव्याध, अज्ञान तथा अभावका विरुद्ध संयुक्त मोर्चा कसी सबैलाई बाँच्ने बढ्ने सुविधाहरू प्रदान गर्नु सुगम हुन्छ । अतएव जीवन र समाजप्रति आस्थापूर्ण प्रेम जगाएमा वैज्ञानिक उपलब्धिहरूलाई मानिस मात्रको साझा हितको अनमोल साधन तुल्याउने मार्ग आफै खुल्दछ ।

पाँचौं, प्रेमको मूल्य प्रेम गर्नु भै छ । प्रेमको लागि प्रेम गर्न सक्नुमा परम कल्याणको भागीदार भइन्छ । प्रेम साधन तथा साध्य दुवै हो । प्रेम गर्नु त्यो आफैमा मूल्यवान् छ । प्रेम गर्दा जसले लाभको वास्ता गर्दैन त्यसलाई झन् घेरै तथा ठूलो फाइदा हुन्छ । प्रेम गर्दा काम, क्रोध, लोभ तथा अभिमानलाई अघि सार्नु प्रेमको शुभ फललाई सीमित पार्नु हो । प्रेमको शुभ दृष्टिमा दिनु नै पाउनु हो । प्रेमको निमित्त अहिले त्याग गर्नु पछिको लागि थुप्र्याउनु हो । अरूलाई खुशी पारी आफू सुखी हुने प्रेमको प्रधान चाख रहन्छ । अरूको भलाइमा आफ्नो भलो देख्ने प्रेमको मूल बानी हो । बाँच्नु बाँच्न दिनु प्रेमको अटल ध्येय रहन्छ । प्रेम जति बांड्यो, उति बढ्दछ । प्रेम जति पुरानो भयो, उति ताजा हुन्छ । प्रेम जति छिपायो, उति प्रभावशाली हुन्छ । प्रेमले दिएको जे पनि राम्रो हुन्छ । प्रेमले खाएको जे पनि मीठो हुन्छ । सुदामाको कोचो कानको र सबरीको

CC-0. Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

जूठो बयर खूब स्वादिलो भएको प्रेमले गर्दा नै हो। प्रेमले गरीबलाई पनि हृदयको धनी तुल्याउँछ। प्रेमले कुरूप वस्तु पनि सुन्दर लाग्दछ। एकातिर सच्चा प्रेमले हृदय कहिल्यै अघाउँदैन; अर्कोतिर चोखो प्रेमको एक चस्काले अदना मानिसलाई पनि जीवनभर दिलदार गराउन सक्छ। प्रेमको अमूल्य इनाम आत्मसन्तोष हो। झूटो व्यवहारले सच्चा प्रेमको तृप्ति मिल्न सक्दैन। बाहिरी चहकमहकद्वारा भित्री सद्भावनाको पूर्ति हुन सक्दैन। मुखको चेपारे मायाले दिलको धोको मेटिंदैन। रसिलो स्वभावको मिठास निर्जीव रीतिहरूको पालनामा मिल्न सक्दैन। प्रेमको रसायन नमिले हृदय सुक्खा हुन्छ र व्यक्तिलाई सर्वत्र नीरस प्रतीत हुन्छ। अन्य भावहरू सुखको खति हुन्, प्रेम दुःखको अचूक ओखती हो। प्रेमले क्रोधको तातोलाई समन पार्छ। प्रेमले ईर्ष्याको जलनलाई शान्त गराउँछ। प्रेमले भयको वेगलाई लगाम हाली मानिसलाई निर्भीक बनाउँछ। प्रेमले अहंकारको दवाबलाई रचनात्मक गराउँछ। प्रेमले निराश व्यक्तिमा आशाको संचार गराउँछ। प्रेमले अशान्त हृदयमा शीतलताको वर्षा गर्दछ। प्रेमले मानिसलाई शान्ति र प्रसन्नताले ओतप्रोत गराउँछ। प्रेमद्वारा अन्य कुनै फाइदा होस् या नहोस्, तर मानिसले बढी मात्रामा पूर्णताको अनुभूति गर्न सक्दछ। प्रेमको जीवन-ज्योतिले हृदय झलझल्ल पारेपछि मानिस यसै पनि गद्गद हुन्छ। प्रेमको आलोकले हेर्दा मानिसलाई वर्तमान रमाइलो तथा भविष्य उज्ज्वल लाग्दछ। प्रेमले मानिसलाई विवेकी गराउँछ। प्रेमले मानिसलाई कल्याणको मूर्तरूप तुल्याउँछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

माथिका तथ्यहरूले प्रेमभावको घतिलो महत्त्वलाई प्रष्ट पार्दछन् । प्रेमभावलाई केवल धर्मशास्त्र तथा दर्शन-शास्त्रको विषय ठान्नु भूल हो । प्रेमभाव व्यावहारिक जीवनको पनि अमूल्य वस्तु हो । अझ प्रेमभावको दैनिक उपयोगिता अन्य भावको तुलनामा धेरै स्वस्थकर साबित हुन्छ । प्रेमभाव वस्तुवादी आवश्यकता पूरा गर्ने श्रेष्ठतम आधार हो भन्नु अत्युक्ति होइन । मनुष्यको प्रत्येक कार्यको स्रोत उसका भावनाहरू नै हुन् । प्रेम मनुष्यको सर्वोच्च भावना हो । अतएव प्रेमभाव नै जीवन र समाजको विकासको प्रमुख माध्यम हो । प्रेमभाव नै जीवन र समाजको सुरक्षा, स्वतन्त्रता, समृद्धि, शान्ति, प्रगति तथा मिठासको सर्वोपरि प्रेरक-शक्ति हो । प्रेमभावलाई सफल व्यवहारको कुँजी बनाउनुमा मनुष्यताको सार छ । प्रेमभावको मीठो बन्देज छ भने दुर्भावहरू पनि सितिमिति जीवनको अनिष्ट गर्न सक्दैनन् । प्रेमभावको जीवनदायिनी प्रभावमा पर्दा अन्य भावतत्वहरूको नैसर्गिक रूप जे जस्तो होस्, ती सबै मनुष्य-जीवनको होस्तेमा हैसे गर्ने सहयोगी बन्दछन् । प्रेमभावको जादूले असल कमसल समस्त भाव-शक्तिहरूलाई एक सूत्रमा बाँधेर जीवन र समाजको सेवामा निरन्तर सदुपयोग गर्न सकिन्छ । प्रेमभाव जीवनको प्रतीक हो; प्रेमका विपरीत भावहरू मृत्युका प्रतीक हुन् । अन्य भाव-तत्वहरूसँगको संघर्षमा प्रेमभावना विजयी हुनु मृत्यु-तत्व उपर जीवन-शक्ति सर्वेसर्वा हुनु हो । मरणशील मानिसको लागि प्रेम अमरत्वको निशानी हो । अतएव हृदयमा

Prof. Madan Prasad Upadhyaya Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

क्रोधको उपयोगिता

क्रोध मनुष्यको प्रवलतम विनाशकारी भाव-शक्ति हो। रिस उठेपछि मानिसहरू लड्नु, झगडा गर्नु, हमला गर्नु, शत्रुता वढाउनु, तरह तरहको तोडफोड गर्नु इत्यादि तर्फ आफसे-आफ र बराबर इच्छाको विपरीत समेत धकेलिन्छन्। कहिले-कहींको गुलाफी छेडखानदेखि लिएर रातोदिनको प्रतिगामी कटाच्छे; चोरऔंलाले-पखलास्! भन्ने मौखिक धंकीदेखि लिएर संबन्धित व्यक्तिको इतिश्री पार्ने घातक कारवाई; वैयक्तिक स्तरको लत सप्रार्ने स्नेहको थप्पडदेखि लिएर हाहाकार मचाउने गरी आमजनताको दानवी कत्लेआम; अघिल्तिरको टेबुल बजार्ने क्षणिक झोक्कादेखि लिएर ठूला ठूला साम्राज्यलाई चकनाचूर पार्ने योजनावद्ध तत्परता; आत्म-घाती प्रलापदेखि लिएर रुद्र शक्तिको कल्याणकारी संहारलीला इत्यादि मध्ये कसको क्रोधले कुन समयमा कुन रूप लिने हो भनी पहिले नै किटान गर्न सकिने कुरा होइन। संसारमा जति मानिस छन् क्रोध-प्रकाशनको उत्ति नै विधि हुनसक्छ। यसमा प्रष्ट भन्न सकिने कुरा यही छ कि-एकपल्ट क्रोध जाग्रत भएपछि यसले कसै न कसैको कुनै न कुनै रूपमा चाँडो होस् अथवा ढीलो, हानी नोक्सानी नगराई छाड्दैन। अतएव स्नेह र सहयोगमा आधारित सभ्य समाजको विकासमा क्रोधलाई अडमिल्दो भनी त्याज्य मान्ने चलन चलेको हो। नयाँ पुराना प्रायः सबैजसो देशका विकसित नतिहरूले क्रोधलाई विशेष रूपले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

निन्दनीय साबित गरी धर्म, दर्शन र दण्डको माध्यमद्वारा क्रोधको सम्भावित खराबीलाई मत्थर तथा उन्मूलन गर्नेतर्फ सदैव सक्रीय जोड दिएको पाइन्छ ।

यो निस्संदेह सत्य कुरा हो कि क्रोधको ध्येय नाश गर्नु हो, तर रिसको कुनै फाइदा छैन भन्नु बिलकुल गलत कुरा हो । क्रोध व्यक्ति र समाजको हित साध्ने उपयोगी हतियार पनि हुनसक्छ । रिसको फाइदाबारे मोटामोटी छ्यानविचार गर्नु नै यो लेखको अभिप्राय हो ।

यस सम्बन्धमा सर्वप्रथम ध्यान दिनु पर्ने तथ्य यो छ कि मनुष्यका कुनै पनि प्राकृतिक गुण अथवा प्रवृत्तिहरू बिलकुल अनुपयोगी हुंदैनन्, अन्यथा प्रकृतिबाट यिनीहरूको सृजना नै हुने थिएन । प्रचण्ड रूपले नकारात्मक भनी दुत्कारिएको क्रोधभावको पनि मनुष्यको जातीय विकासमा सानो योगदान छैन । सामान्यतः कुनै पनि प्रवृत्तिको व्यावहारिक नतीजा त्यसका नैसर्गिक स्वरूपले भन्दा लक्ष्यको उदात्तपना र प्रयोगविधिले ज्यादा तय गर्दछ । व्यवहारमा दैवी गुण भनी प्रशंसित प्रेमभावले खराब हुन गएको, खराब भनी हेलाँ र दमन गरिएको क्रोध भावले कल्याण गरेको नमूनाहरू कुनै पनि समझदार व्यक्तिले सजिलैसंग अनुभवमा घटाउन सकिने कुरा हो । प्राणघातक मानिएका कतिपय विषहरू मात्रा मिलेमा भयङ्कर रोगहरूलाई निको पार्ने अचूक ओखती हुन सक्छन्; आर्कोतिर पौष्टिक र स्वादिलो भनी सबैले रुचाएका कतिपय खाद्य पदार्थहरू अनिष्टपूर्ण तवरले अथवा विरामी अवस्थामा अथवा

CC-0. Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अजीर्ण हुने गरी खानाले अनेकन् रोगहरू उत्पत्ति भई प्राण समेत संकटमा परेका उदाहरणहरू पाइन्छन् । त्यस्तै सामान्य जन–जीवनमा क्रोधका खराबीहरू प्रचुर मात्रामा पाइनाको मुख्य कारण क्रोधको नकारात्मक स्वभावमा भन्दा धेरै व्यक्तिहरूले यसको व्यक्तिवादी समाज–विरोधी तथा बेढंगी प्रयोग गर्नामा पाइन्छ । क्रोध–प्रकाशनको व्यवहारिक नियमहरूमा समुचित हेरफेर गर्न सके यही भाव–शक्ति नयाँ र असल व्यवस्था सृजना गर्ने शुभकर्ममा उपयोग गर्न सकिन्छ ।

अर्को विचार गर्नु पर्ने महत्त्वका कुरा यो छ कि क्रोध मनुष्यको जन्मजात प्रबल प्रवृत्ति हो र यसको उत्तेजना बराबरजसो नै भइरहन्छ । प्रकृति, संसार, जीवन र समाज आज जे जस्तो अवस्थामा छ, त्यसलाई नियाल्दा यो मान्नै पर्ने हुन्छ कि धेरैजसो मानिसले आफ्नो इच्छा अनिच्छा-को मात्र सरोकार नराखी क्रोधको अनुभूति नगरी सुक्खै छैन । "कुनै पनि व्यक्तिको जीवनबाट प्रकृतिदत्त प्रवृत्तिहरू-लाई बलजफत एकाएक निर्मूल पार्न सकिने होइन । यसमा आमूल परिवर्तन गर्न अनेकन् पिंढीहरूको क्रमिक कायाकल्पपछि मात्र सम्भव हुन्छ" भन्ने आशयको प्रसिद्ध मनोवैज्ञानिक कार्ल सी. युँगको अनुभवसिद्ध निचोड यस विषयमा रुचि राख्ने सबैद्वारा मननीय छ । क्रोधको यस मनोवैज्ञानिक यथार्थतालाई स्वीकार गर्नु सबैको लागि जरूरी हुन गएको छ । अतएव क्रोधित हुंदा धिक्कार्न थाल्नु भन्दा समाजमिल्दो तरीकाले आफ्नो निर्दिष्ट लक्ष्य प्राप्त हुने गरी यसको उपयोग गर्नतर्फ ध्यान दिन नै

Digitized by Arya Samaj Foundation Chennai and eGangotri

CC-0.In Public Domain. Digitization by eGangotri

बुद्धिमानी देखिन्छ। कमसेकम व्यक्तिगत जीवनमा क्रोधको पूर्णतया निराकरण गर्ने ध्येय राख्नु उत्तम कुरा हो तापनि घेरैजसो व्यक्तिहरूका लागि वर्तमान क्रोधको शक्तिको सदुपयोग गर्ने दिशातर्फ सक्रिय ध्यान जमाउनुसिवाय अरू कुनै गतिलो चारा छैन।

तेस्रो, क्रोधको प्रबल शक्ति सफल व्यक्तित्वको आवश्यक अंग हो। कुनै पनि मानिस जो बिलकुलै रिसाइँदैन, रिसाइँदा खिन्न हुन्छ र रिसाउनु हुंदैन भन्छ–या त सन्त महात्मा हो, या त दुर्बल; अक्सरजसो पछिल्लो नै हुने सम्भावना छ। क्रोधको दबावी शक्तिले सामान्यतः जो कोहीलाई पनि बढी मात्रामा फुर्तिलो र जोडदार गराउँदछ। हाइँफाइँ र हाँकडाँकद्वारा व्यवहारमा सफल हुने महापुरुषहरूको जीवनी केलाएमा यो निष्कर्षमा पुगिन्छ कि क्रोधित हुंदा नैतिक नाटीकुटी गर्ने भन्दा ठीक समयमा ठीक तरीकाले ठीक व्यक्ति या बाधाको विरुद्ध क्रुद्ध हुने खूबी नै उनीहरूको सफलताको कुँजी थियो। यो एक विचित्रको सत्य छ कि प्रायः गुलाफमा काँढा लागे झैं उत्तम सद्गुणहरूको नीच प्रवृत्तिहरूसंग लसपस भएको हुन्छ; त्यस्तै हीन प्रवृत्तिहरूमा पनि दैवी सत्त्वको आभास पाइन्छ। मूल स्वभाव हानिकारक छ तापनि क्रोध परिणाममा हितकारी भई व्यक्तित्वको आभूषण बन्न सक्छ। मनोवैज्ञानिक दृष्टिबाट चरित्र गठनको सारभूत अर्थ क्रोधलगायत समस्त नकारात्मक प्रवृत्तिहरूको बिलकुल अभाव अथवा तिनीहरूको अचेतन छोपछाप होइन; बरु यी खराब प्रवृत्तिहरूलाई व्यक्तित्वका सद्गुणहरूसंग सफल एकीकरण गरी तिनीहरूको

CC-0. Madhav Prasad Lohichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

वस्तुवादी प्रयोगलाई उपल्लो तहमा उकाल्नु हो। रिसको भोकमा अरूको ज्यान मारी जन्म कैद पर्ने अपराधी र आइलाग्ने माथि सुरिएर सफलतापूर्वक जाइलागी मान र तक्मा पाउने बहादुरको बीच आधारभूत फरक यसैमा छ कि पहिलाको क्रोध विवेक विचारसंग अलगिएकाले अनर्थकारी हुन्छ, तर पछिल्लाको क्रोध कर्तव्यभाव र समझदारीसंग जुडान भएकाले प्रशंसायोग्य बन्न जान्छ। मानिसको भावात्मक शक्ति एक प्रकारले नदीको बाढी झैं छ। आत्मनियन्त्रणको कमीले गर्दा एकदम छाडा छोडि-दिएमा अथवा कठोरतापूर्वक दमन गरेमा प्रबल क्रोधले खहरेको भेलले झैं उधुम मचाइँछ; तर नदीमा बाँध बाँधी खेतमा कुलो लाए झैं नियन्त्रणमा राखी बुद्धिमानीपूर्वक उपयोग गरेमा त्यही क्रोध व्यक्तित्वलाई बलवान् र हिकालु तुल्याउने नव-शक्तिको स्रोत बन्न सक्छ।

चौथो, क्रोध जीवन-संरक्षणको महत्वपूर्ण साधन हो। जब मानिसको सामाजिक जीवन प्रारंभिक अवस्थामा थियो र मानिसलाई बराबर एक्कासि कतिपय जानवरहरू तथा अन्य जङ्गली मानिसहरूसंग शारीरिक स्तरको सिङौरी खेली जीउ जोगाउने आवश्यकता पाइला पाइलामा पर्दथ्यो, त्यस बखत क्रोधको प्रतिकारी वेग नै आत्म-रक्षाको अद्वितीय भावात्मक आधार हुन्थ्यो। क्रुद्ध हुनुको अर्थ नयाँ शक्तिको मूल फुटाउनु हो। शारीरिक मुठभेट र कठिनाइको समयमा क्रोधले मारमुङ्ग्री कुस्ताकुस्ती जोडकातोड गर्ने नयाँ शक्ति जगाउनाका साथै मादक पदार्थले झैं कष्टको पर्वाह नगरी खतरको सामना गर्ने सुझाइँ र सहन-शक्ति

Prof. Dhruba Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पनि प्रदान गर्दछ । प्रचण्ड क्रोधको एक सुरे वेगले होम्मिएर लडन्तभिडन्त गरी मानिस यस प्रकारको खतराको सफल मुकाबिला गरी ज्यान जोगाउन समर्थ हुन्छ ।

सामाजिकता र विज्ञानको विकासका साथै मानिसको रहनसहन र कठिनाइको स्वरूपमा निकै हेरफेर हुंदै आएको हो । अब कुटपिट गरी अरूलाई दङथाउने तथा मुक्का-मुक्की गरी आपनो रक्षा गर्नुपर्ने पुरानो जङ्गली स्थिति बिलकुल समाप्त नभए तापनि निकै परिवर्तित भइसकेको छ । वर्तमान जीवन-प्रणालीमा त रिसाउँदा व्यक्तिलाई अझ फसाद पर्ने हुन जान्छ तापनि क्रोधलाई अझै पनि बिलकुल निरर्थक मान्ने समय आइसकेको छैन । धर्म र मायालाई ओझल गराउन गाह्रो नमानी धनको वृद्धि संचय तथा उपभोगमा नै ज्यादा चाख लिने भोगवादीताको बोलवाला बढदै गएकाले हिजोआज सबैजसोले बराबर आफ्नो सद्बुद्धिको विपरीत व्यक्तिगत या सामूहिक झैंझगडामा नफसी सुक्खैछैन । यस हालतमा क्रोधलाई त्याज्य ठान्नु न मनुष्योचित हुन्छ, न संभवै देखिन्छ, न वाञ्छनीय छ । क्रोधको सहाराविना जीउ धन तथा इज्जत बचाउन सधैं सबैलाई सजिलो पर्दैन । विनाक्रोध आजको जमानामा धेरैलाई बाँच्न पनि मुश्किल पर्दछ । हर मानिसलाई अनेकन झन्झटहरूले घेर्न सक्दछन्, जहाँ क्रोधको प्रतिकारी शक्तिको अभावमा ठूलो खति उठाउनु पर्ने हुन्छ । रिस र ईख नभएको मानिसको गति बिनाविषको सर्पको जस्तै हाबहाबियार नभएको राष्ट्रलाई भित्रका अवाञ्छित तत्वहरू-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

लाई कज्याई शान्ति सुरक्षा कायम गर्न र बाहिरी शत्रुहरूको हमला रोकी स्वतन्त्रता र अस्तित्व जोगाउन कठिन भए भैं ठीक तरीकाले रिसाउन नसक्ने मानिसलाई आफ्नो आत्म-सम्मान र हितको रक्षा गर्न धौ धौ पर्दछ। नरिसाउने व्यक्तिलाई लुसे ठानी यातना दिन खोज्ने दुष्टहरूको संसारमा कमी छैन। बराबर जायज अवसरमा क्रोधको कमी हुनु वास्तवमा जतातै छधासछधासती पाइने अहंकारी र स्वार्थी व्यक्तिहरूको लोभ र कुचेष्टालाई निम्त्याई फजूलको पिरलो झेल्नु सरह हुनजान्छ। अतएव कम से कम प्रारम्भिक अवस्थामा नरिसाउनु भन्दा व्यवहार पुऱ्याएर रिसाउन सक्ने हुनु धेरै उत्तम छ।

पाँचौं, क्रोधले कतिपय मानिसहरूको बुद्धि तथा इन्द्रिहरूलाई सजग गराई उनीहरूलाई बढी मात्रामा लगनशील पार्न सक्छ। मतापको क्रोध एक प्रकारको मनोवैज्ञानिक भिटामिन हो, जसले मानिसलाई तुरुन्त फूर्ति र जोशले लवालव गराउँछ। क्रोधले नयाँ शक्ति जगाउनका साथै बाधा विरोधको सामना गर्दै निर्दिष्ट हेतुको कार्या-न्वितिमा हिम्मती तथा एकमुखी लगनलाई उब्जाउँछ। बुद्धि र विवेकलाई बेठेगान गराउने तातो रिसबारे त सबले सचेत रहनु पर्दछ; नत्रभने रिसको अवस्थामा नशामा भैं केही कालको लागि मात्र किन नहोस् हर व्यक्ति पहिलेको भन्दा शरीरद्वारा बलवान् र मानसिक दृष्टिबाट चनाखो भएको हुन्छ। धिङ्न्याहा रोगले पथरा परेका कति विरामीहरू मर्मस्पर्शी बोली व्यवहार अथवा घटनाले जागिएर अनौठो तवरले विशेष मानसिक बलका मालिक भई

Prof. Madhav Prasad Lamichhane Collection. Digitized by eGangotri

CC-0.In Public Domain. Digitization by eGangotri

सक्दछन्। निष्क्रियता र अकर्मण्यताको शिकार भएका कति पाटेअल्छीहरूलाई उनीहरूको अहं या हितमा ठीकसंग चोट पुग्ने गरी अड्कलेर जंग्याउन सके एकाएक नपत्याउने गरी अधिसरा तथा कृयाशील पार्न सकिन्छ। हिंड्दा काम गर्दा थाकेर लम्पसरो भएका व्यक्तिहरू कन्सिरीको रौं तात्ने खण्ड पर्न आएमा फटाफट फेरि जे पनि गर्न तत्पर हुन्छन्। क्रोधले मानिसको बोली वचनलाई पनि निकै तिखार्दछ। क्रोधले मामूली व्यक्तिको मुखबाट पनि मुटु छेड्ने वचन निकाल्दछ। त्यसैले बराबर आफन्तहरूको गुणगानभन्दा रिसाएको विपक्षीको बेलगाम बखानमा मानिसलाई बढी मात्रामा आफ्नो बारेको कटुसत्यको बोध हुनसक्छ। कुनै पनि व्यक्तिको आफूप्रति के धारणा छ भनी जान्न उसको हिसाबकिताबी तारिफमा भन्दा उसले खूबै जंगिएर फलाकेका अपभ्रंशको आलोचनामा बढता गौर गर्नु पर्दछ। लेखक, वक्ता तथा खेलाडीहरूका लागि त मतापको क्रोध टनीक बराबर हुन्छ। तरबारभन्दा कलम बलियो भन्नु पर्ने गरी क्रोधले लेखकहरूको कलमलाई खूब तिखार्दछ। अन्याय पीर मर्का देख्न, सुन्न, भोग्न नसकी रिसले आगो भएका कतिपय लेखकहरूले सम्बन्धित क्षेत्रमा हृदय चुभाउने गरी जोडदार लेखहरू लेख्न समर्थ भएको पाइन्छ। त्यस्तै अन्याय र नाजायज कष्टले क्रुद्ध भएका अवस्थामा अनुभवी वक्ताहरू त परै रहून् मामूली व्यक्तिहरू समेत बेधडक कुर्लिएर प्रभावकारी भाषण दिन सक्ने हुन्छन्। त्यस्तै तेजिला खेलाडीहरू मात्रा मिलेको इखालु प्रहारले जडिएको अवस्थामा नै बढी मात्रामा जोडका बोड गरी खेल्ने र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

दर्शकहरूलाई मनोरञ्जन गराउनाका साथै आफूलाई शानदार रूपले विजयी तुल्याउने गरी विपक्षीलाई हालावाला पार्न सक्छन्। अतएव जीवनको प्रत्येक क्षेत्रमा आफ्नो तथा आफ्नाको सुरक्षा तथा कल्याणको लागि दत्तचित्त प्रत्येक नेता या नेतृवर्गले सम्बन्धित व्यक्तिहरूलाई ऐन मौकामा बराबर उपयुक्त बाधा विरोधीहरूको खिलाफ एक गठ भई खनिने गरी सन्काउन सक्ने क्षमता हुनु हितकारी छ।

क्रोध मनुष्यको झगडालु, आक्रमणकारी तथा विनाशकारी गुण भएको जन्मजात प्रवृत्ति हो। वशमा छैन भने एकातिर रिसलाई बाहिर पोख्दा कानून र नैतिकतासँग च्याङठ्याङ नखाई अपराधी बनिने हुनसक्छ; अर्कोतिर सधैं दबाएर राख्दा रिसको जलनले भित्रभित्रै आफूलाई नै खँगार पार्दछ र अनेकन् रोगहरूको उत्पत्ति गर्न सक्दछ। तर उपयुक्त साधनाद्वारा नियन्त्रणमा राखनसके यही शक्ति रचनात्मक सक्रियताको बलवान् सहयोगी बन्न सक्छ। कसै न कसैको कुनै न कुनै रूपमा क्षति गर्नु पर्ने क्रोधको यस शक्तिलाई मानिसले आफ्नो जीउ धन तथा इज्जतमा धावा बोल्ने विरोधीहरूलाई खतम पार्नामा, दरिद्रता र रोगहरूसङ सिङौरी खेल्नुमा, प्रगतिको तगारोलाई पंछाउनामा, हिकालु बनी बाधा कठिनाइहरूको सामना गर्नु इत्यादिमा उपयोग गरी आफूलाई सही अर्थमा बढी मात्रामा सुरक्षित, सफल तथा सुखी पार्न सक्दछ। प्रकृति तथा समाजमा अनेकन् खराबीहरू पाइन्छन्, जीवन र समाजको प्रगतिका लागि उनीहरूको निराकरण गरी कल्याणकारी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

तत्त्वको सृजना गर्नु आवश्यक छ । क्रोधले मानिसलाई हकी र हिकालु बनी यी अनेकन् खराबीहरूको विरुद्ध मोर्चा कसी सुधारवादी प्रयासमा संलग्न हुने प्रेरणा दिन्छ । अन्यायको खिलाफ उब्जेको क्रोधले नै जोशिएर न्यायपूर्ण समाजको मार्ग खोल्दछ । अनुचित दवाब र दमनले बौखला-एका व्यक्ति विशेष या जन-समूह नै स्वतन्त्र समाजको सृजनामा चाँसो लिएर लागि पर्दछन् । विदेशी शक्तिहरूको कुचक्रमा फसेका कतिपय देशवासीहरूले आगो भएर विविध राष्ट्रिय आन्दोलन गरी आफनो देशलाई स्वतन्त्र पारी राष्ट्रियतालाई सार्थक पारेका छन् । क्रोधको यस सुधारवादी उपयोगिताको आजको युगमा महत्त्वपूर्ण स्थान छ ।

❀❀

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

आध्यात्मिकता

र

नैतिकता

आध्यात्मिकता र नैतिकता सामान्य व्यवहारमा बराबर पर्यायवाची शब्दको रूपमा पनि प्रयोग भएका पाइन्छन् । यसो हुनु केही मात्रामा स्वाभाविक पनि छ । किनकि आध्यात्मिकता नैतिकता दुवैको मूल लक्ष्य—जीवन र समाजको उदात्त विकास हो, र दुवैको व्यावहारिक विधि-हरू धेरै प्रकारले मिल्दाजुल्दा पनि छन् । आध्यात्मिकता र नैतिकताको बीच बेमेल नदेखिनु अस्वाभाविक होइन, र साथै तिनीहरूको आपसमा मिलान हुनु बहुतै राम्रो कुरा हो, तापनि तिनीहरूको आपसमा प्रशस्त विभिन्नता हुन-सक्छ भन्ने सरसरती नियाल्दा मात्र पनि विदित हुने तथ्य हो । यी दुवै तथ्यहरूको तुलनात्मक विवेचनाद्वारा यिनीहरूको गुणात्मक विभिन्नता यसै छर्लङ्ग हुन्छ । तलका पंक्तिहरूमा आध्यात्मिकता र नैतिकताको तात्त्विक अर्थ तथा पारस्परिक विभिन्नतालाई सुबोध पार्ने हेतुले यिनीहरूको तीव्रपक्षको विश्लेषणात्मक अध्ययनमाथि विशेष जोड दिइएको छ ।

नैतिकता प्रथमतः निषेधात्मक आचरणशास्त्र हो; आध्यात्मिकताले मूलतः जीवन र समाजप्रतिको सकारात्मक

Prof. Madhav Prasad Lamichhane Collection. Digitized by eGangotri

CC-0.In Public Domain. Digitization by eGangotri

दृष्टि-विन्दुलाई औल्याउँछ । खराब नगर भन्नु नैतिकताको आदेश हो, तर 'सत्यं शिवं सुन्दरम्' को अनुशीलन गर्न सहज भावले प्रेरित हुनु आध्यात्मिकताको द्योबक हो। नैतिकताले व्यक्तिगत अहंकार, समाज विरोधी प्रवृत्तिहरू तथा समाजका सदस्यहरूको जीवन-प्रणालीमाथि कडा वन्देज लगाएर खराबीलाई मत्थर अथवा उन्मूलन गर्नेतर्फ ज्यादा अभिरुचि लिन्छ । आध्यात्मिकताले 'खराबी' को यथार्थता वारे अनुभूति वढाई तिनीहरूलाई नैतिक चेतनाको अभिप्रायवमोजिम सुमार्गमा लगाउने प्रयास गरेर 'असल' को अभिवृद्धि गर्दछ । अरूको त्रुटि खराबीहरूको निन्दा गर्न, खोट खोज्न नैतिकता सदैव तत्पर रहन्छ; तर आध्यात्मिकताले सहनशीलता, उदारता तथा उपल्लो तहमा सबैको एकीकरण गर्नेतर्फ ज्यादा जोड दिन्छ । नरकको यातना, अन्तरात्माको ताडना, सामाजिक वहिष्कार इत्यादिको रूपमा थाप्लोमा पर्न सक्ने खतराबाट बच्न नैतिकता वहिष्कृत चीजहरूमा लागिनपरी अछूत रहन अनेकन् तर्क वितर्कको सहारा लिएर हरदम चौकन्ना रहन्छ । आध्यात्मिकता अरूको भलाइ गर्न, नयां वस्तुहरूको सृजना गर्न, नयाँ सत्यलाई हासिल गर्न र त्यसवाट निचोडमा मनुष्यको जातिय भद्रता, बुद्धिमत्ता तथा सुखमा अभिवृद्धि गर्न सहज रूपले लागिपर्दछ ।

व्यावहारिक जीवनमा नैतिकता अनेकन् नियम उपनियमहरूमा बांधिएको हुन्छ; तर आध्यात्मिकता जाग्रत अवस्थामा मात्रमा सीमित नभएर सुषुप्ति र स्वप्नावस्थामा पनि गर्दछ । यसैले गर्दा हो चीरकालतक नैतिक नियमहरूको केवल यांत्रिक

CC-0. Mumukshu Bhawan Varanasi Collection. Digitized by eGangotri

CC-0.In Public Domain. Digitization by eGangotri

पालनाद्वारा मूर्दा शान्ति र कुण्ठित व्यक्तिहरू उब्जन्छन्; तर अर्कोतिर आध्यात्मिक सजीवताको चेतनाशील अनुमोदनद्वारा अकाट्य रूपले रचनात्मक मेलमिलाप र सुसंगठित व्यक्तिहरूको सृजना हुन्छ। यसैले गर्दा नै हो अरूहरूको शोषणमा तल्लीन नग्न स्वार्थीहरू, शक्ति हत्याई अरूहरूलाई कठपुतली झैं नचाउने कोरा वासना नै प्रमुख नियत भएका अहंवादका पोषकहरू, अथवा लूते खालका व्यक्तिहरू [जो कसैको हानि गर्दैनन्, किनकि तिनीहरूमा विपरीत कार्य गर्ने हिम्मत नै छैन] इत्यादि सबै नैतिक नियमहरूको मौखिक समर्थनद्वारा अथवा तिनीहरूको आडम्बरी अनुशीलन गरेर अथवा छट्टू तर्कको सहारामा आफ्नो कार्यको औचित्यलाई सिद्ध गरेर प्रचलित नैतिकताका पक्का अनुयायीमा आफूलाई गिनाउन सक्छन्। तर भावात्मक सचाइलाई क्रियात्मक मान्यता दिने हुनाले आध्यात्मिकता वाह्याकृति र देखावटी व्यवहारले मात्र सन्तुष्ट हुन सक्दैन र उपयुक्त विनय र साहसपूर्वक समस्त प्राणीहरू तथा तिनीहरूको जीवन-प्रक्रियामा निहित दैवी सत्त्वलाई साक्षात्कार गर्ने प्रयास गर्दछ।

नैतिकता स-साना समाजहरूको परिधिभित्र क्रियाशील हुन्छ र बराबर कतिपय मूल्यहरू तथा रिवाजहरू एक ठाउँमा ज्यादै वांछनीय र अर्को ठाउँमा बहुत निन्दनीय ठहरिने हुनसक्छ; तर आध्यात्मिकताले सदैव सर्वत्र एकही तथ्यलाई बोध गराउँछ, त्यो हो— आफ्नो अन्तर्निहित दैवी तत्त्वप्रति साझा मनुष्यात्माको सृजनात्मक प्रकाशन। नैतिक प्रचलनहरू उही समाजमा पनि बदलिरहन्छन्।

Pradhan Nawa Prabhat Sahitya Sanchitalaya Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

आजका ठूलाबडाहरूले जीवन–मरण, स्वर्ग–नरकसंग गम्भीर सम्बन्ध भएका मूल्यहरूको रूपमा अंगीकार गरेका कतिपय नैतिक प्रचलनहरू नयाँ पिंढीका सन्तानहरूको लागि खिसीट्यूरीको कारण बन्ने हुनसक्छन् । तर देश काल तथा चालू व्यवस्थाका सीमा नाघेर नित्य तत्त्वको उपासना र साक्षात्कार गर्नु नै मुख्य ध्येय भएकाले आध्यात्मिकता सदैव सधैं सबैको लागि नवजीवनको स्रोत हुनसक्छ । नैतिकताले व्यक्तिहरूलाई आफ्नो समाज विशेषसंग तादात्म्य स्थापित गरी बाँच्ने बढ्नेतर्फ दवावी सहायता गर्दछ त आर्कोतिर आध्यात्मिकताले हर व्यक्तिलाई दैवी सत्त्वको अनुसरण गर्ने प्रेरणा दिन्छ, निर्देशन गर्दछ तथा आड दिन्छ । कुनै पनि सही अर्थमा प्रगतिशील समाजमा नैतिकताको आध्यात्मिकतासंग खासासंग मिलान भएको हुन सक्छ; तर पतनोन्मुख समाजमा भने तिनीहरूको आपसमा फाटो हुनसक्छ । महात्मा ईसा आध्यात्मिक हुनुहुन्थ्यो, तर उहाँको समाजविशेषले उहाँलाई अनैतिक भनी शूलीमा चढाइदियो । अतएव सामाजिक संकटकाल र परिवर्तनको अवस्थामा जब नैतिकता आध्यात्मिक सार्थकतादेखि विहीन हुनपट्टि ढल्केर आडम्बर र पाखण्डपनको दलदलमा फस्दछ, त्यस वखत आध्यात्मिकता परिवर्तन, सुधार तथा नैतिक जागरण गर्ने विविध आन्दोलनहरूको मूल स्रोत हुनजान्छ, जुन प्रक्रियामा बराबर कतिपय वीर पुरूषहरूले शहीद हुनुपर्ने खण्ड आइपर्दछ ।

सामाजिक नियन्त्रण र व्यक्तिगत स्वतन्त्रताको पृष्ठभूमिमा नियालेमा नैतिकताको [illegible] अवस्था

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

व्यवस्था, स्थापित सरकार, अथवा शक्ति हत्याएका व्यक्ति या वर्ग विशेषको निर्देशको अन्धानुकरण गर्नु अथवा कम-सेकम तिनलाई मौन स्वीकृति दिनु नै हो भन्नु सत्यदेखि टाढा हुने छैन। यदि सामूहिक जीवन संचालन गर्ने सत्ता खतरनाक ढङ्गले शक्तिशाली छ भने यसद्वारा निर्देशित नैतिक मान्यताद्वारा दमन र विच्छेद बढ्न गई अन्ततोगत्वा आमजनता इशारामा नाच्ने कठपुतली सरह हुन जाने सम्भावना पनि छ। यदि उक्त सत्ता कडा, तर बेढंगी छ भने यसद्वारा लादिएको नैतिक प्रचलनहरू सामाजिक अशान्ति, ढकोसलावाद आचरण र बराबर तगारे संघर्षहरू उब्जाउने मूल कारण साबित हुनसक्छन्। आध्यात्मिकता आत्माको उपज भएकोले अक्सर यी दुवै खतराबाट उन्मुक्त रहन्छ। सारांशमा—यदि नैतिकता अन्ततोगत्वा बाहिरबाट लादिएको एक प्रकारको अचेतन दवाव मैं बन्न सक्छ भने आध्यात्मिकता चेतनशील प्रयासद्वारा भित्रबाट हासिल गरेको स्वतन्त्रताको क्रमिक अनुभूति हुन आउँछ।

नैतिकता मूलतः सामाजिक तथ्य हो, जुन त्यस समाजका सदस्यहरूको आध्यात्मिक विकासमा बाधक तथा साधक दुवै हुनसक्छ। आध्यात्मिकता प्रथमतः व्यक्तिगत उपार्जन हो—जुन अलि अलि गरेर सदुपदेश, महान्‌वाणी, उपयोगी नियम कानून तथा विशेष अवस्थामा व्यापक आचार संहिताको रूपमा समाजमा फैलिन जान्छ। नैतिकता-लाई प्रष्टता र परम्पराको आड मिल्दछ भने आध्यात्मिकता-लाई नव-चेतनाको गौरव र श्रेष्ठता प्राप्त हुन्छ। बदलिंदो परिस्थितिमा प्रचलित नैतिकता समाजका सदस्यहरूको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

व्यक्तित्वलाई कुण्ठित पार्ने खालको हुन जाओस् तापनि यो एक जरो गाडेको वास्तविकता हो, र यसलाई सामान्यतः व्यावहारिक हानी नोक्सानीविना कसैले पनि बिलकुल उपेक्षा या विरोध गर्न सकिंदैन । तर अर्कोतिर आध्यात्मिकता एक जल्दोबल्दो आदर्शवादिता हो, जसले आफ्नै किसिमले व्यवहारवादी सिद्धान्त या योजनाको रूपमा आफूलाई ढाल्दै समाजमा एक बढी मात्रामा कल्याणकारी वास्तविकताको सृजना गर्न खोज्दछ ।

नैतिकता एक प्रकार अनुदार तथा परिवर्तन विरोधी पनि हुन्छ; तर विशेष परिस्थितिमा आध्यात्मिकता गम्भीर तवरले जागृतिद्वारा ओतप्रोत हुनसक्छ । आदत, रिवाज तथा मूल्यहरूको रूपमा विगत युगहरूका अनुभवहरूलाई संचित राख्नामा नैतिकताले चाख लिन्छ; आध्यात्मिकता बांच्ने बढ्ने नयां उपायहरूको खोजमेल गर्न र माथिल्लो स्तरको चेतनाको विकास गर्न उत्प्रेरित हुन्छ । यस दृष्टिबाट हेर्ने हो भने नैतिकतालाई भूतकालको आध्यात्मिकताको व्यवस्थित प्रचलन भने हुन्छ । साथै यो पनि सत्य हुन सक्छ कि आजको आध्यात्मिकता भविष्यको नैतिकतामा परिणत हुन जाओस् । कालान्तरमा गएर, यो बराबरजसो नै देखिएको छ–नैतिकता, गए गुज्रेका मूल्यहरू हास्यास्पद रीति रिवाजहरू, गलत धारणहरू तथा नाटिकुटी गर्ने स्वभाव लाई निर्दयतापूर्वक दिगो राख्ने गर्दा, एकुन्तरे प्रक्रियाको रूपमा सजिलैसंग अधःपतन हुनसक्छ । तर आध्यात्मिकता सदैव पृथ्वीमा विकसित मानवताको रूपमा अन्तर्निहित देवत्वलाई फस्टाउने एक गतिशील प्रक्रिया नै रहन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

प्रारम्भिक अवधिको जोडदार उपादेयतापछि नैतिकता बराबर यान्त्रिक आदत र औपचारिक रिवाजहरूमा लुढ्किन्छ र तल्लो हदमा त थो सन्तस्वभाव भनी सामाजिक स्तुति पाउने मानसिक जडता तथा निष्क्रियता, अथवा चाडबाडका नियम उपनियमहरूप्रति अत्यधिक निष्ठा, अथवा भगवान्ले खटाएको या भाग्यको फल भन्दै अरूको दोहन गर्ने क्रियाकलापहरूलाई राम्रो पार्ने शानदार जालोसिवाय अरू केही नहुन पनि सक्छ । आध्यात्मिकताले नयाँ नैतिक जीवन प्रदान गरेर यस किसिमको सडेगलेको अवस्थाको प्रतिरोध गर्ने प्रयास गर्दछ र समाजमा सृजनात्मकताको एक नयाँ ताँदो शुरू गर्दछ । यदि नैतिकता, जुन कि प्रारम्भिक त्रासको उपज हो, ले अन्ततोगत्वा व्यक्तिहरूलाई अन्धविश्वास, दवावी आदत तथा जी हजूरी आचरण इत्यादिको माखे साङ्लोमा जकड्याउँछ भने आध्यात्मिकता, जुन कि जीवनप्रति गहिरो आदरभाव र ब्रम्हाण्डको भलोपनमा दृढ विश्वासद्वारा उत्प्रेरित हुन्छ, सबै व्यक्तिहरूलाई एकातिर खोटो चलनको र आर्कोतिर सामाजिक अप्रगतिशीलताको बन्धनवाट उन्मुक्त पार्ने निरन्तर लगनशील हुन्छ र सत्यम् शिवम् सुन्दरम्को छरितो प्रगतिका लागि ठोस आधार तयार पार्दछ । सारांशमा, यदि नैतिकता 'खराबी' प्रतिको भयकारी अविश्वास तथा तिनीहरूको खिलाफ कडा वन्देजको रूपमा उव्जन गएको दमनकारी कदमहरूको समुच्चय छ भने, आध्यात्मिकता 'आत्मा' अथवा मनुष्यमा निहित देवत्वको ज्ञान, सम्मान तथा त्यसप्रतिको श्रद्धालु आस्थाद्वारा मुस्लिएर आउने त्रासवादी इन्द्रियजन्य हिलालु स्वभाव तथा रचनात्मक सक्रियता हो । समय बित्दै जांदा नैतिक प्रचलनहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

दैवी सत्त्वको भित्री प्रवाहलाई छेकथुन गर्ने हदसम्म विकृत हुन सक्छन् । तर आध्यात्मिकता बराबर व्यक्ति या समाजको कायाकल्प गराउने अगुवा बन्दछ ।

मनोवैज्ञानिक दृष्टिबाट हेर्दा प्राकृतिक प्रवृत्तिहरूको सामाजिक दमन नैतिकता हो; दमित शक्तिहरूको उर्ध्वगामी प्रकाशन आध्यात्मिकता हो । यदि नैतिकतालाई बाह्य सत्ताको आन्तरीकरण मानेमा आध्यात्मिकतालाई नैतिक चेतनाको आन्तरिक विकासको रूपमा नियाल्नु पर्दछ । नैतिकताको मूल आधार बाहिरी शक्तिको त्रास हो; आध्यात्मिकताको श्रोत आत्मबलको ठोस अनुभूति हो । नैतिकता वैयक्तिक सुरक्षार्थ सामाजिक सत्ताको दब्बू अनुकरण हो त आध्यात्मिकता जीवन र समाजको उच्चतम विकासार्थ आत्मशक्तिको हिकालु अभिव्यक्ति । नैतिकता पूर्वकालीन अनुभवहरूमा आधारित संस्कार हो; आध्यात्मिकता चेतनाको विस्तारद्वारा वर्तमान जीवनको परिष्कार हो ।

हो, समाजबिना मानिस बांच्न बढन सक्दैन, र नैतिकताबिना समाज दिगो पनि रहन सक्दैन । किनकि मनुष्यको स्वभाव जे जस्तो छ त्यसमा नैतिक विधान नभएमा या अधुरो भएमा वैयक्तिक स्वार्थ तथा अहंकारलाई अत्यधिक छूट मिल्न गई त्रास, अविश्वास तथा स्नेहहीनताद्वारा ग्रस्त अराजकताको स्थिति पैदा हुन्छ, र सामाजिक एकतामा विपरीत असर पर्दछ । उपल्लो समझदारी, नियन्त्रित आचरण तथा जिम्मेदार क्रियाशीलताको लागि अझै समुचित किसिमले सक्षम हुन नसकेका, तुलनात्मक दृष्टिबाट पिछडिएका जातिहरूमा नैतिकता प्राथमिक आवश्यकता हो । तर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

आध्यात्मिकता व्यक्ति या मनुष्यजातिको दैवी संभावनाहरूलाई साक्षात्कार गर्न विकसित मानवताको चेतनाशील प्रयास हो। अतएव यदि नैतिकता कुनै पनि प्रकारको मानव समाजको सुव्यवस्थित अस्तित्वका लागि न्यूनतम आवश्यकता हो भने संपूर्ण समाजको प्रगतिवादी सेवाहरूद्वारा वैयक्तिक अस्तित्वको उच्चतम सार्थकता हासिल गर्ने हेतुले लिइएका आत्मप्रेरित तथा आशावादी प्रयासहरूमा आध्यात्मिकताको झलक पाइन्छ। नैतिकताको बिलकुल अभाव हुनुभन्दा अधुरो अपूरो पुरानो तथा संकीर्ण खालको नै किन नहोस कुनै न कुनै किसिमको नैतिकता हुनु वांछनीय छ। तर जीवन र समाजलाई प्रगतिशील तुल्याउने होभने प्रचलित नैतिक नियमहरू आध्यात्मिकता अर्थात् उपल्लो तहको नैतिक अन्तर्दृष्टिद्वारा निरन्तर सजीव पारिनुपर्दछ। प्रचलित नैतिक मान्यताहरूलाई आध्यात्मिक सजीवताद्वारा ओतप्रोत गराउनु तथा आध्यात्मिक सारलाई मान्यताप्राप्त नैतिक मूल्यहरूको रूपमा व्यवस्थित गर्नु जीवन र समाजको सन्तुलित, स्वस्थकर तथा गतिशील विकासको लागि अतीव हितकारी आवश्यकता हो।

—o—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

'शिव-शक्ति' बारे

केही मन्तव्य

(I)

विष्णुप्रसाद लोहनीजीको 'शिव-शक्ति' नामक पुस्तिका आद्योपान्त हेर्रे। त्यसमा पहिलो सन्दर्भ छ प्रेमको। प्रेमको नाममा आत्मतृप्तिको लागि कुत्सित वासनाहरूको पूर्ति गर्ने, र जसमाथि प्रेम गरिन्छ त्यसको सार-सर्वस्वको अन्त गर्ने विषय-लोलुप प्रेम-परिपाटीलाई लेखकको सारगर्भ, चिन्तनप्रधान निबन्धले त्रस्त कम्पन ल्याई दिएको छ। लेखकको प्रेम ईशा र बुद्धको जस्तै परार्थ छ-'प्रेमको उद्देश्य प्रेम गरिएका व्यक्तिको कल्याण गर्नु हो'—यसरी सारगर्भ तर सरल, स्पष्ट तर चिन्तनगम्य शैलीबाट अभिव्यक्त छ। गान्धीजीको सत्य जस्तै लेखकको प्रेम साध्य साधन दुवै हो। प्रेमको मार्ग नै जीवन मार्ग हो, प्राप्य स्थान विराट् प्रेम हो—'सर्वा आशा मम मित्रं भवन्तु'। लेखकको प्रेमचिन्तन उपनिषद्को नजीक पुगेको छ।

दोश्रो सन्दर्भ छ—क्रोधको। यसमा लेखकको आफ्नै मौलिक अभिव्यक्ति छ। क्रोध जस्तो अग्राह्य, निन्दनीय विषयलाई सदुपयोगको स्थान निर्धारित गरिदिनु भएको छ, जुन कोधको अनिवार्यता र उपयोगितालाई आयततः कुनै विवेकीले स्वीकार गर्न सक्तैन। यसलाई एक नयाँ उन्मेष भन्न कै लाग्छ। यो सन्दर्भ 'शिव' सम्बन्धमा गर्ने चिन्तन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

क्रमको माथिल्लै तह हो। प्रयोग शक्ति नभएर मात्र क्रोध ग्राह्य र उपयोज्य नभएको हो, यसलाई आवश्यक साधनको रूपमा नै उपयोग गर्न सकिन्छ। 'क्रोधको प्रबल शक्ति सफल व्यक्तित्वको आवश्यक अङ्ग हो'—लेखकको यो अभिव्यक्तिसँग पाठक त्यति नै आकर्षित हुन्छन्, जति विवेकानन्द र विनोबाभावेको विषयप्रतिपाद शैली र अभिव्यक्तिसँग। लेखकको तात्पर्य यो छ कि—विश्वका सुन्दर असुन्दर सबै पक्षमा उपयोगिता छ, ग्राह्यता छ, तर प्रयोक्ताको चिन्तन, विवेक र कुशलतामा निर्भर छ। यो दर्शन साच्चै क्रान्तदर्शी हो। लेखकलाई म धन्यबाद दिन्छु।

अर्को, तेस्रो सन्दर्भ छ–आध्यात्मिकता र नैतिकताको। सर्वसाधारणको दृष्टिमा नैतिकता र आध्यात्मिकता शब्द पर्यायवाची जस्ता पनि छन्। प्रयोग पनि पालैसँग त्यसै गरी गरिन्छन्। सूक्ष्म दृष्टिले हेर्दा उक्त दुई शब्दको तात्विक अर्थमा आकाश पातालको फरक पनि छ। आत्मनिष्ठ सूक्ष्म गुणहरू अवश्य मनन चिन्तनगम्य छन्। लेखकले सर्व सुबोध सरल शैलीमा नैतिकता के हो, आध्यात्मिकता के हो, स्पष्टतया बताइदिनु भएको छ– 'प्राकृतिक प्रवृत्तिहरूको सामाजिक दमन नैतिकता हो ; दमित शक्तिहरूको उर्ध्वगामी प्रकाशन आध्यात्मिकता हो'। यस्ता सूक्ष्म भावनाहरूको पनि विश्लेषण गर्ने प्रयास लेखकको निकै सफल छ—यो सन्दर्भ पढ़ेपछि जो कोहीले पनि यो छुट्याउन सक्छ—'नैतिकता भन्दा आध्यात्मिकता धेरै माथिको आत्मनिष्ठ गुण या भावना हो'।

यस्ता अन्तःस्पर्शी सबल निबन्धहरू नेपाली साहि-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

त्यमा छँदै छैनन् कसरी भनूँ, ज्यादै कम त अवश्य छन् ।

—पूर्ण प्रसाद ब्राह्मण ।
(प्रमुख निर्वाचन आयुक्त)

(II)

श्री विष्णु प्रसाद लोहनीज्यूद्वारा रचित शिव-शक्ति नामक सानो पुस्तक केलाउँदा यसबाट लेखकको दृष्टिकोण आदर्शवादी पूर्वाग्रह र पूर्व धारणाबाट पनि बिलकुलै मुक्त भएको पाइएको छ । मानिसको आन्तरिक गुणको वैयक्तिक र सामाजिक जीवनको विभिन्न पक्षसँग मानवीय सम्बन्ध मात्र गाँस्न खोज्नु भएको यो प्रयास ज्यादै सह्राहनीय छ । मानिसलाई मानिसकै सामान्य रूपमा नहेर्ने र उसको अस्तित्वलाई केवल कट्टर आदर्शवादी मापदण्डबाट मात्र स्वीकार गर्ने प्रचलित नकारात्मक नैतिकताको परिपाटीबाट लेखक बिलकुलै मुक्त हुनु भएको छ । ..... नैतिकता सम्बन्धमा लेखकले गर्नु भएको व्याख्या बिलकुलै नौलो र आधुनिक युग मुह्राउँदो छ ...

यसको अतिरिक्त नैतिकताको रूप मानिसको जीवन रचनाको क्रममा परिवर्तनशील छ र यो मानिसको विशुद्ध आध्यात्मिक सत्ताबाट मात्र शाश्वत रूपमा सञ्चालित छ भन्ने तथ्यलाई लेखकले पूर्ण रूपमा स्वीकार गर्नु भएको कुराले श्री ५ महेंन्द्रको कुशल नेतृत्व पाई निर्दलीय जीवन सञ्चालन संहिताको व्यावहारिक अनुशरण गर्नमा लागेका नेपालीको नैतिक पक्षको विकासमा यो पुस्तकले यथायोग्य सहायता पुऱ्याउने छ.....

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

(III)

तीनवटा प्रौढ निबन्धहरूको संकलनको रूप लिएर उदाएको यो पुस्तकले विश्वका यावत् अशिव तत्त्वहरूलाई पनि शिवत्त्व प्रदान गर्न सक्ने शिवतत्त्वमा निहित अमोघ शक्तिको परिचायक बनेर आफ्नो शीर्षकलाई अक्षरशः चरितार्थ पार्नुको साथै लेखकको मौलिक चिन्तन र गम्भीर मननशीलतालाई सुस्पष्ट व्यक्त गरेको छ ।

'प्रेम–एक ईश्वरीय भाव' नामक प्रथम निबन्धमा प्रेमलाई समस्त भाव–जगतबाट उठाएर महाभावको स्थानमा प्रतिष्ठापित गराइएको छ जसले उपनिषद्दर्शित भूमप्रेमतिर उन्मुख बन्न प्रेरित गर्दछ । अन्य समस्त भावहरूलाई समेत अमृतत्त्व प्रदान गर्ने महाभावरूप प्रेमको गरिमा, उपयोगिता आदि सबै पक्षबाट विश्लेषण गर्दै व्यावहारिक जीवनमा पाइने प्रेमको रसनय प्रभावलाई यसमा जुन रूपबाट उपस्थापित गरिएको छ, त्यो ज्यादै प्रशंसनीय छ ।

दोस्रो निबन्ध 'क्रोधको उपयोगिता' मा क्रोध जस्तो आसुरी सम्पदको भयावह मनःस्थितिमा आधिपत्य मजाउने दुर्भावको पनि बडो सरल र सरस ढङ्गबाट उपयोगिता सिद्ध गरिएको छ । ... ... पढदा सहसा—'अमर्ष शुन्येन जनस्य जन्तुना न जातहार्देन न विद्विषा ऽऽ दरः' भन्ने महाकवि भारविको सुभाषितको स्मरण हुन्छ । वास्तवमा क्रोधको यो विश्लेषण मननीय छ ।

तेस्रो निबन्ध—'आध्यात्मिकता र नैतिकतामा' युग, देश, मान्यता र चिन्तकप्रति सदा सापेक्ष रहने नैतिकता भन्दा व्यक्ति, जाति, देश, काल सबप्रति निरपेक्ष रहँदै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

माधव 'अंकोची"

प्राणी मात्रको अक्षय कल्याणको स्रोत बनेको आध्यात्मिकताको उत्कृष्ट स्वरूप इङ्गित गरिएको छ । जहाँ पनि र जहिले पनि सुख र शान्तिको निमित्त अनिवार्य भएको आध्यात्मिकताको स्वरूप सार्वभौम छ, शाश्वत छ । यही तथ्य प्रस्तुत निबन्धमा अभिव्यक्त छ । सारांशमा यस प्रकारका उपयोगी आध्यात्मिक चिन्तनले युक्त सुन्दर रचनाहरूको राष्ट्रभाषामा अभिवृद्धि हुंदै जानु सुतरां गौरवको विषय हो ।

अन्तमा—'नैतिकता पूर्वकालीन अनुभवहरूमा आधारित संस्कार हो; आध्यात्मिकता चेतनाको विस्तारद्वारा वर्तमान जीवनको परिष्कार हो' भन्दै विद्वान लेखकले लक्ष गर्नु भएको सार्वभौम आध्यात्मिक भावनाको अभ्युत्थानमा हामी सदा अग्रगामी बन्न पाऔं र हाम्रो राष्ट्रिय जीवनमा सर्वाङ्गीण परिष्कार आउन सकोस् यही शुभकामना छ ।

प्रा. खेमराज 'केशवशरण'
(सचिवः सनातनधर्म सेवासमिति)

❀ ❀ ❀

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

'शिव–शक्ति' बारे पत्र पत्रिकाहरूको रायको सारांश

[1] The Rising Nepal (Daily)
Nov. 16, 1968 &

[2] The Nepalese Perspective (Weekly)
Nov. 30, 1968

As a book it might get lost among the volumes in a bibliotheque, but in essence it brings into fore-front the most burning question of human concern. The book entitled "Shiva Sakti" symbolises the metaphysical debate baffling the educated madernists regarding the supreme values of life vis-a-vis the sweeping impact of materialism. It tries to unfold the new traits of thought influencing our attitude on spiritual values and morality and analyses in nutshell what is sublime, true and perpetual in this world.

Himself a scholar and endowed with rich knowledge of western and oriental philosophies, the writer Mr. Vishnu Prasad

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

Lohani seems to be well aware of the moral predicament of the modern man... Apparently aware of the prevailing state of affairs, the writer analyses what is permanent and transcendental in value. Instead of throwing himself into the controversial question of what morals are proper and what wrong, and which of spiritnalism would provide a clue to human salvation, Mr. Lohani's thoughts are condensed into three headings....

On candid appraisal, the writer of the book "Shiva-Sakti" displays his ingenuity and co-ordination of thought in putting the highly abstract philosophical deductions into more simpler and comprehensive form before the common people. Effort has been made to make the style and language as simple as possible... ...the book will certainly titilate others to open their eyes toward re-evaluating spiritual values in the context of modern requirements and defend their usefulness in promoting peace and prosperity among mankind.

CC-0. Mumukshu Bhawan Varanasi Collection. Digitized by eGangotri
CC-0. Prof. Raghav Prasad Gamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

[३]

स्वतन्त्र समाचार (दैनिक)

मार्ग १२, २०२५

राष्ट्रिय पंचायतका वर्तमान सदस्य श्री लोहनीले लेख्नु भएको उक्त किताबमा तीन लेख छन् ।……पहिलो लेखमा प्रेमको विस्तृत व्याख्या लेखकले गर्नुभएको छ……(दोस्रो लेखमा) उहाँले क्रोधलाई पनि कतिपय अवस्थामा असल परिणामको जनक हुन्छ भनेर शिवजीको क्रोधतिर पाठक-हरूको ध्यान खिच्नु भएको छ । क्रोध सदा सर्वदा अल्याणकारी हुंदैन, कल्याणकारी पनि हुन्छ । रूद्र-शक्ति रूपी क्रोधले दुष्टहरूको संहार गरेको र साधुहरूको संरक्षण गरेको कुरातिर सबैको ध्यान खिचेर अनेकौं उदाहरणद्वारा क्रोधलाई कल्याणकारी, उपयोगी साबित लेखकले गर्नु भएको छ । यस्तै उहाँको तेस्रो लेख—आध्यात्मिकता र नैतिकतामा……यी दुवै कुराको विशद व्याख्या उहाँले अत्यन्त धैर्य र विवेकपूर्ण ढङ्गबाट गर्नु भएको छ, जो सबका लागि स्वीकार्य हुन सक्छ ।

नैतिक र आध्यात्मिक-प्रेम भावनाको अभावले गर्दा छिन्न भिन्न हुन थालेका हाम्रा मान्यताहरूलाई पुनर्जीवित र पुनः प्रतिष्ठित बनाउन यो पुस्तिकाले अवश्य नै सघाउ पुऱ्याउने छ भन्ने विश्वास गर्नु असामयिक हुने छैन । श्री लोहनीको प्रयासले नैतिक मूल्यहरूको अन्वेषण र प्रतिष्ठापन गराउन खोज्नेहरूलाई प्रोत्साहित पारोस् भन्ने शुभकामना छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

[४]

जन आवाज (साप्ताहिक)

मार्ग ६, २०२५

श्री विष्णुप्रसाद लोहनी एम्. ए. द्वारा लिखित "शिव–शक्ति" नामक यस पुस्तिकाको विषय गहन छ।..... लेखकको सुझाव वर्तमान विश्वको भौतिकवादप्रति बढ्दो झुकावलाई ध्यानमा राख्दा सामयिक देखिन्छ।

प्रस्तुत निबन्धको विषय वस्तु गहन भएर पनि सरल शैलीमा सर्वसाधारणले बुझ्ने गरी लेख्नु लेखकको विशेषता हो। उपर्युक्त विषयहरूमा बजारमा प्रशस्त पुस्तकहरू नभएका होइनन् तर यति सरल शैलीमा सर्वसाधारणले बुझ्ने गरी लेखिएका पुस्तक–पुस्तिकाको भने अभाव नै देखिन्छ। लेखकले, सम्भवतः सबैले बुझुन् भन्ने उद्देश्य लिएर नै कलम चलाएको देखिन्छ, र लेखक यसमा सफल हुनुभएको छ।

[५]

नेपाल समाचार (दैनिक)

मार्ग २८,२०२५

.....पुस्तिका सानु भए पनि विचार र भावना गहन छ। अतः लेखक र प्रकाशिका लोहनी द्वयको प्रयास सफल छ भन्न सकिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

[६]

समय (दैनिक)

असोज २, २०२५

.....लोहनीज्यूले मनुष्य–जीवनसंग ठाडै सम्बन्धित प्रेम, क्रोध र नैतिकता तथा आध्यात्मिकता बारेमा विचार पोख्नु भएको छ । यसरी गहन विषयहरूमा कलम चलाउनुलाई स्वागत गर्नैं पर्दछ । उहाँको चिन्तन र मननको गहनतालाई स्वीकार गर्नैं पर्दछ । जहाँसम्म विचार र दर्शनको कुरा छ, उहाँले प्राचीन विषयलाई पनि आधुनिक रूप दिन खोज्नु भएको छ ।

पुस्तकको मूल्य अलिक महङ्गो भयो कि ?

[७]

समीक्षा (साप्ताहिक)

श्रावण १८, २०२५

.....प्रेम–एक ईश्वरीय भाव, क्रोधको उपयोगिता, आध्यात्मिकता र नैतिकता यी तीन विषयलाई लिएर लेखेको शिव–शक्ति किताब जनसमक्ष आएको छ ।

प्रेम–एक ईश्वरीय भावमा.....लेखकज्यूले आफ्नो गहकिलो विचार पोख्नु भएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

क्रोधको उपयोगितामा लेखकले मनोवैज्ञानिक विश्ले-

CC-0.In Public Domain. Digitization by eGangotri

षणबाट लेख्नु भएको छ, र आध्यात्मिकता र मनोवैज्ञानिक भावनालाई एक-साथ अङ्गिकार गरेर लेखकले लेख्नु उत्साह-वर्धक नै पाइन्छ ।

आध्यात्मिकता र नैतिकतामा.....जनसाधारणलाई बोध हुन गाहारो पर्ने विषयमा लेखकले तुलनात्मक विश्लेषण र व्यवहारिक ढङ्गले लेख्नु भएको छ जो कि प्रशंसनीय मान्नु पर्दछ ।

सानो आकारमा आएको शिव-शक्ति किताव भए तापनि त्यसभित्रको विषय र विचार गहकिलो नै छ । समुद्रमा भोती खोज्नु जस्तै उक्त पुस्तकबाट प्रेम, ईश्वर, नैतिकता इत्यादि बारे पनि खोज्नमा सहायक वर्द्धक हुन सक्ला भन्ने लाग्दछ ।

प्रकाशिका श्रीमती मनोरमा लोहनीले, 'बुद्धिजीवीहरूको तार्किक दिमागलाई कुतकुत्याउनु नै यस लेखको अभिप्राय हो' दुइ कुरामा लेख्नु भएअनुसार, श्री लोहनीको "शिव-शक्ति" पुस्तकलाई अध्ययन गरेर बुद्धिको मल्लयुद्ध साथ साच्चै नै कुतकुत्याउनु पर्ने आवश्यकता देखिन्छ—आजको भौतिक र सामाजिक उच्छृङ्खलतालाई हेरेर ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

[८]

दैनिक नेपाल

मार्ग २४, २०२५

'शिव–शक्ति' पुस्तिका विचार–प्रधान निबन्धहरूको एक संग्रह हो। यस भित्रका निबंधहरू 'सत्यं शिवं सुन्दरम्' को भाव–मूमिमा आधारित छन्। यसका लेखक श्री विष्णु प्रसाद लोहनीले यस संग्रहमा मानिसमा निहित सद्गुण र दुर्गुण पक्षको सामाजिक एवं मनोवैज्ञानिक विश्लेषण गर्नु भएको छ। विचारको केलाई र प्रस्तुतीकरण दुवै आ–आफ्ना ढंगले सफल छन्। यस किसिमका विचार प्रधान एवं विश्लेषणात्मक लेखहरू नेपाली वाङ्मयमा कम देखा परेका छन्। अतः यस पक्षलाई परिपुष्ट पार्ने श्री लोहनीज्यूको प्रयास स्तुत्य छ।

उपरोक्त पुस्तिकाको तिनौटै निवंधहरूमा आध्यात्मिक शक्तिको परिपुष्टि र प्रयोजनमाथि विशेष जोड दिइएको छ ... ...तिनौटै निवंधहरू उपरोक्त विचारधाराहरूबाट प्रवाहित भएका छन्। खास गरी 'क्रोधको उपयोगिता' शीर्षकको निवंध विचार र विश्लेणको दृष्टिले सान्दै खारिएको छ। यस किसिमका विचारपूर्ण निबन्ध, लेखहरू लेखकबाट अरू पनि प्राप्त हुन सके नेपाली वाङ्मय, साहित्यको क्षेत्र बहुमुखी संपन्न हुने थियो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal.

CC-0.In Public Domain. Digitization by eGangotri

[९]

नयाँ नेपाल (नेपाली दैनिक)

पौष ५ गते २०२५

प्रस्तुत पुस्तक लोहनीज्यूका ३ वटा विचार प्रधान निबन्धहरूको सँगालो हो ... ... लोहनीज्यूले आफूले हात हाल्नु भएको सबै निबन्धलाई दरिलो र घतलाग्दो पार्नु भएकोछ, जुन कुरा एउटा सफल लेखकबाट मात्र सम्भव हुन्छ। गम्भीर विषय भइकन पनि शैली सरल र रोचक छ।

[१०]

गोरखापत्र (दैनिक)

भाद्र १६, २०२५

प्रस्तुत संग्रहमा चिन्तन प्रधान ३ निबन्धहरू सङ्कलित छन्। विषयगत भावनाले तीनै निबन्ध एक अर्काबाट अलग छन् तापनि प्रत्येक निबन्ध निकै खारिएका छन्। शैलीगत दृष्टिमा निबन्धहरूलाई उत्कृष्ट रूपका मान्न सकिँदैन तर विचार पक्षमा निबन्धहरू प्रौढ छन्। ... ...

...प्रस्तुत संग्रह 'भोलम' को दृष्टिमा सानो ठहरिए पनि गुणात्मक रूपमा निकै दरिलो ठहर्दछ। विद्वान् लेखकबाट यस्तै अरू एघना समाजले अपेक्षा राख्दछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

[११]

नेपाली (हिन्दी दैनिक)

कार्तिक ५, २०२५

...विद्वान् लेखक श्री विष्णुप्रसाद लोहनी ने शिव-शक्ति के तीन पहलू-प्रेम, क्रोध व आध्यात्मिकता की सरल शब्दों में जो व्याख्या उपस्थित की हैं वह अनुपम हैं, प्रत्येक भक्त हृदयको हृदयंगम करने योग्य हैं। यह व्याख्या केवल भक्त हृदय के लिए ही नहीं तो राष्ट्र व राष्ट्रियजीवन के कर्णधार पुरूषों के जीवन के लिए भी अनिवार्य गुणों की उपलब्धि करानेवाली होने के कारण राष्ट्र जीयन के लिए ही महत्त्व रखती हैं। प्रेम, क्रोध व आध्यात्मिकता.....इन तीनों गुणों की समीक्षापूर्ण चर्चा निश्चित ही व्यक्ति एवं राष्ट्र के जीवन में एक उत्तम योगदान हैं।

"प्रेम" की व्याख्या करते हुए विद्वान् लेखकका यह कथन कि—"प्रेम के उद्देश्य प्रेम के अधिकारी बने व्यक्तिका कल्याण करना हैं", एक निरागस सत्य हैं। यह कथन 'प्रेम' को वासना से अलगकर स्पष्टता लाबेता हैं। मानव जीवन में आनेवाली फिसलनको यह सूक्ष्म भेद स्पष्ट कर देता हैं व जीवन में उँचा उठने के लिए सहायक हो जाता हैं।

"क्रोध" के सम्बन्ध में भी ऐसा हीं सूक्ष्म विवेचन देखनेको मिलता हैं। "क्रोधका लक्ष्य बाधा-विरोधका नाश करना हैं", यह बताते हुए लेखक महोदय ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

'क्रोध' व्यक्ति व समाज के हित-साधनको उपयोगी अवश्य ही हैं, इन शब्दों में अभिव्यक्त किया हैं। व्यक्ति, समाज व राष्ट्र जीवन में मार्गदर्शक ऐसा सुन्दर विचार बहुत कम स्थानों में मिलपाता हैं। लेखक महोदय इसके लिए निश्चित ही प्रशंसा के पात्र हैं।

तीसर आवश्यक गुण आध्यात्मिकता प्रतिपादित किया गया हैं। उसका भी नैतिकता के साथ तुलनात्मक विवेचन कर नैतिकता परिवर्तनीय हैं कारण वह देश-काल-व्यक्ति व परिस्थिति सापेक्ष हैं यह बतानेका सफल प्रयत्न कर आध्यात्मिकताको व्यक्ति, समाज व राष्ट्रिय उत्थान के लिए एक स्थायी तत्त्व के रूप में दर्शाया हैं।

राष्ट्र व राष्ट्र के कर्णधारों के गुणों की आवश्यक व स्पष्ट चर्चा कर विद्वान् लेखक अपने उद्देश्य में-जैसा कि प्रकाशिका सहोदयाने बुद्धिजीवीयों के तार्किक मस्तिष्कको "कुत-त्याउनु" बताया हैं, निश्चित ही सफल हुए हैं।

छपाइ व प्रस्तुतीकरण सन्तोषजनक हैं, तथा उस अनुपात में मूल्यभी अधिक प्रतीत नहीं होता।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

[१२]

जागृति (साप्ताहिक)

पौष ६, २०२५

प्रस्तुत पुस्तकमा समावेश गरिएका तीन विषयहरु छन् जसमा लेखकले आफ्नो दृष्टिकोणलाई स्पष्टतः झल्काउन खोज्नु भएको छ। उहाँले रोज्नु भएका यी तीन विषयहरु मानव समाजको विकासको लागि अनिवार्य तथा अकाट्य छन्।...

पहिलो विषयमा प्रेमको विवेचना गरिएको छ।... दोश्रो विषयमा क्रोधलाई.. केवल ध्वम्सात्मक प्रवृत्ति मात्र नभई रचनात्मक हुन गएको कारण सोदाहरण प्रस्तुत गरिएको छ। ...तेश्रो लेखमा आध्यात्मिकता र नैतिकताको... राम्रो किसिमले सापेक्षित विवेचना गर्नु भई यस्तो गहन विषयलाई साध्य मानेर त्यसको व्याख्या साधारण जन समाजसम्म पुग्ने गरेर लेखिदिनु भएकोले उहाँलाई धन्यवाद दिनै पर्ने छ। विषय अनुरुप भाषामा केही अप्रजिलोपना आएको छ तर पनि यस्ता वजनदार विषयहरुको व्याख्या हाम्रो भाषामा उहाँले लेख्नु भएकाले संस्कृत शब्दको व्यापक प्रयोग हुंदा हुँदै पनि यी लेखहरुका अध्ययन र मननबाट धेरै कुरा सिक्न सकिने छ।

...विश्व शान्ति र मानव कल्याणकालागि यी अनिवार्य विषयको जानकारी राख्नु मानव कल्याणका हिमायतीहरुको

Prof. Mahadev Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

The Rising Nepal (Daily)

" .....it brings into fore-front the most burning question of human concern.....the book will certainly titilate others to open their eyes toward re-evaluating spiritual values in the context of modern requirements and defend their usefulness in promoting peace and prosperity among mankind "

नेपाली (हिन्दी दैनिक)

"... ...व्यक्ति, समाज व राष्ट्र जीवन में मार्गदर्शक ऐसा सुन्दर विचार बहुत कम स्थानो में मिलपाता हैं। लेखक महोदय इसके लिए निश्चित ही प्रशंसाके पात्र हैं।... ..."

गोरखापत्र

"... ...प्रत्येक निवन्धहरू निकै खारिएका छन्... ...विचार पक्षमा निवन्धहरू प्रौढ छन्... ...प्रस्तुत संग्रह 'भोलम'को दृष्टिमा सानो ठहरिए पनि गुणात्मक रूपमा निकै दरिलो ठहर्दछ।... ..."

मुद्रकः- श्री अन्नपूर्णा प्रेस, असनटोल। फो. नं. ११९२४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

The Rising Nepal (Daily)

" .....it brings into fore-front the most burning question of human concern.....the book will certainly titilate others to open their eyes toward re-evaluating spiritual values in the context of modern requirements and defend their usefulness in promoting peace and prosperity among mankind "

नेपाली (हिन्दी दैनिक)

"..... व्यक्ति, समाज व राष्ट्र जीवन में मार्गदर्शक ऐसा सुन्दर विचार बहुत कम स्थानो में मिलपाता हैं। लेखक महोदय इसके लिए निश्चित ही प्रशंसाके पात्र हैं।....."

गोरखापत्र

"..... प्रत्येक निबन्धहरू निकै खारिएका छन्..... विचार पक्षमा निबन्धहरू प्रौढ छन्..... प्रस्तुत संग्रह 'भोलम'को दृष्टिमा सानो ठहरिए पनि गुणात्मक रुपमा निकै दरिलो ठहर्दछ।....."

मुद्रकः- श्री अन्नपूर्णा प्रेस, असनटोल। फो. नं. ११६२४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal